नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४१) काठमाडौं, कात्तिक ११ गते २०४८ साल (अतिरिक्ताङ्क ४७

भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ऊँरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

लेखापरीक्षण सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : लेखापरीक्षण सम्बन्धी व्यवस्था गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको बीसौं बर्षमा संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "लेखापरीक्षण ऐन, २०४८" रहेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "सरकारी कार्यालय" भन्नाले सर्वोच्च अदालत, संसद, राजपरिषद्, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग तथा अन्य संवैधानिक निकायको कार्यालय र शाही नेपाली सेना एवं नेपाल प्रहरी लगायतका सबै सरकारी कार्यालय र अदालत समेत सम्झनु पर्छ।

(ख) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई जनाउँछ।

(ग) "परीक्षण" भन्नाले लेखाको जांच र त्यसको आधारमा गरिने मूल्यांकन तथा विश्लेषण समेतलाई जनाउँछ।

(घ) "श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था" भन्नाले सबै शेयर वा जायजेथामा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्था वा सबै शेयर वा जायजेथामा त्यस्तो संस्थाको वा त्यस्तो संस्था र श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले श्री ५ को सरकारले पूर्ण उत्तरदायित्व व्यहोर्नु पर्ने संगठित संस्था समेतलाई जनाउँछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

652

(ङ) "श्री ५ को सरकारको अधिकाँश स्वामित्व भएको संगठित संस्था" भन्नाले पचास प्रतिशत भन्दा बढी शेयर वा जायजेथामा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्था सम्झनु पर्छ।

३. <u>लेखापरीक्षण सम्बन्धी तरिका</u> : (१) महालेखा परीक्षकले लेखापरीक्षण गर्ने कार्यालय, संस्था वा निकायहरूको आर्थिक कारोबार र सो संग सम्बन्धित अन्य क्रियाकलापहरूको एक एक गरी वा बीच बीचमा छड्के गरी वा केही प्रतिशत मात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त भएका तथ्यहरू दर्शाउन, त्यसमा आलोचना गर्न र प्रतिवेदन गर्न सक्नेछ।

(२) महालेखा परीक्षकले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेमा देहाय बमोजिम गर्न सक्नेछ :-

(क) श्री ५ को सरकारद्वारा अनुदान प्राप्त गरी संचालन भएका कार्यक्रम तथा आयोजनाको स्थिति तथा लेखा सम्बन्धी कागजात जुनसुकै बखत हेर्न,

(ख) सरकारी कामको ठेक्का लिने ठेकेदारलाई निजसंग रहने सो ठेक्कासंग सम्बन्धित कागजात वा अन्य प्रमाण समेत प्रस्तुत गर्न लगाउन,

(ग) लेखापरीक्षणको काममा कुनै विशेषज्ञको सेवा उपलब्ध गर्न र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यक परेमा उचित पारिश्रमिक दिई करारमा काम लगाउन।

४. <u>परीक्षण गर्ने कुराहरू</u> : महालेखा परीक्षकले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गरी देहायका कुराहरूको परीक्षण गर्नेछ :-

(क) विनियोजन ऐन बमोजिम विभिन्न सेवा तथा कार्यहरूमा खर्च गर्न विभिन्न शीर्षक तथा उप-शीर्षकहरूमा स्वीकृत भएका रकमहरू तोकिएका सेवा तथा कार्यका निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनको लागि खर्च गरिएको छ छैन,

(ख) आर्थिक कारोवार गर्दा प्रचलित कानूनको अनुसरण गरिएको छ छैन र आम्दानी खर्च भएका कलमहरूको प्रमाण यथेष्ट छ छैन,

(ग) तोकिएको ढाँचा अनुरूप लेखा राखिएको छ छैन र त्यसले आर्थिक कारोवारको यथार्थ चित्रण गर्छ गर्दैन,

(घ) सरकारी सम्पत्तिको लगत दुरुस्त र अद्यावधिक छ छैन, सरकारी सम्पत्तिको संरक्षण र सुप्रबन्धको पर्याप्त व्यवस्था छ छैन,

(ङ) नगदी जिन्सी तथा अन्य सरकारी सम्पत्ति समेतको हानी नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रणको पर्याप्त व्यवस्था गरिएको छ छैन, भए त्यसको अनुसरण गरिएको छ छैन,

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) राजस्व, अरू समस्त आम्दानी र धरौटी समेतको लेखा ठीक छ छैन मूल्यांकन गर्ने, असूल तहसिल गर्ने र लेखा राख्ने तरिकाहरूको सम्बन्धमा पर्याप्त नियमहरू छ छैनन्, भए तिनीहरूको पालना गरिएको छ छैन,

(छ) सरकारी ऋण, जमानत, निक्षेप, ऋण निवारण कोष तथा ऋण विमोचनका निमित्त पर सारिएको र विमोचन गरिएको रकमहरूको लेखा यथार्थ छ छैन,

(ज) औद्योगिक तथा व्यावसायिक सेवाहरूको आम्दानी खर्च लेखा, त्यसको जिन्सी नगदी मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियमहरू पर्याप्त छन् छैनन् भए तिनीहरूको पालना गरिएको छ छैन,

(झ) कार्यालयको संगठन, व्यवस्थापन तथा कार्य विभाजन यथेष्ट र समुचित छ छैन र सो अनुसार कार्य संचालन भएको छ छैन,

(ञ) कुनै काम अनावश्यक रूपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट गरिएको वा कुनै आवश्यक काम गर्न छुटाएको छ छैन,

(ट) उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ छैन र हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको छ छैन,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६८८
मुद्रण विभाग, सिंहदरबार

(ठ) कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति भएको छ छैन तथा कामको गुणस्तर र परिमाण सन्तोषजनक छ छैन,

(ड) कार्यालयको उद्देश्य र नीति स्पष्ट छ छैन र निर्दिष्ट उद्देश्य तथा नीति अनुरूप कार्यक्रम तयार भएको छ छैन,

(ढ) स्वीकृत लागत खर्चको सिमाभित्र रही कार्यक्रम संचालन गरिएको छ छैन र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिब छ छैन, र

(ण) लक्ष्य प्रगति तथा लागत खर्चको आंकडा राख्ने व्यवस्था पर्याप्त र भरपर्दो छ छैन।

५. <u>महालेखा परीक्षकले औचित्यको दृष्टिकोणबाट परीक्षण गर्ने कुराहरु</u> : (१) देहायका कुराहरुको सम्बन्धमा महालेखा परीक्षकले औचित्यको विचार गरी परीक्षण गर्नेछ :-

(क) निकासा अनुसार खर्च गरेको भए तापनि बेमुनासिब तरिकाले वा चल अचल राष्ट्रिय धन बरबाद हुने गरी खर्च भएको महालेखा परीक्षकको चित्तले देखेमा त्यस्तो खर्च र निकासाको सम्बन्धमा, र

(ख) चल अचल राष्ट्रिय धनको अनुदान वा राजस्वको अभिहस्ताङ्कन वा खानी, जंगल, जलशक्ति आदिको सुविधा प्रदान सम्बन्धमा पट्टा, लाइसेन्स, अधिकार र कुनै अन्य प्रकारबाट राजस्व वा चल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अचल राष्ट्रिय धन त्याग गर्ने गरी जारी गरिएका सबै निकासाहरूको सम्बन्धमा।

(२) आयव्यय सम्बन्धी लेखापरीक्षणको काम हुँदा बेरूजूका सामान्य कलमहरू र औचित्यको दृष्टिकोणबाट महालेखा परीक्षकले उल्लेखनीय नदेखेका अन्य कलमहरू समेत आफ्नो प्रतिवेदनमा नपार्न पनि सक्नेछ।

६. <u>श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण</u> : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण यस ऐन बमोजिम महालेखा परीक्षकद्वारा हुनेछ।

(२) उप-दफा (१) बमोजिम श्री ५ को सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षण गर्न महालेखा परीक्षकले नभ्याउने भएमा प्रचलित कानून बमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षकहरूलाई महालेखा परीक्षकले सहायकको रूपमा नियुक्त गर्न सक्नेछ। यसरी सहायकको रूपमा लेखापरीक्षकहरू नियुक्त गर्दा नेपाली नागरिकलाई प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नियुक्त गरिएका लेखापरीक्षकहरूले महालेखा परीक्षकको निर्देशन, रेखदेख र नियन्त्रणमा रही काम गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सहायकको रूपमा नियुक्त भएका लेखापरीक्षकको काम, कर्तव्य, अधिकार र दायित्व तथा निजहरूले लेखापरीक्षण गर्दा अपनाउनु पर्ने प्रक्रिया एवं प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था महालेखा परीक्षकले तोकिदिए बमोजिम हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६५८

(५) उपदफा (२) बमोजिम नियुक्त लेखापरीक्षकले सम्बन्धित संस्थाबाट पाउने पारिश्रमिक त्यस्तो संस्थाको आर्थिक कारोवार, लेखाको अवस्था, शाखा, उप-शाखाको संख्या कार्य बोझ तथा कार्य प्रगति समेतको विचार गरी महालेखा परीक्षकले तोकिदिए बमोजिम हुनेछ।

७. <u>श्री ५ को सरकारको अधिकाँश स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण</u> : (१) श्री ५ को सरकारको अधिकाँश स्वामित्व भएको संगठित संस्थाहरूको लेखापरीक्षण सो संस्था सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको अधिकाँश स्वामित्व भएको संगठित संस्थाहरूको लेखापरीक्षण गर्ने लेखापरीक्षकको नियुक्ती गर्दा महालेखा परीक्षकको परामर्श लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षक नियुक्ती गर्ने महालेखा परीक्षकको परामर्श लिंदा अपनाउनु पर्ने प्रक्रिया तथा लेखापरीक्षकले लेखा परीक्षण गर्दा अपनाउनु पर्ने लेखापरीक्षणका सिद्धान्त सम्बन्धी कुराहरू महालेखा परीक्षकले तोकिदिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिम महालेखा परीक्षकसंग परामर्श गरी नियुक्त भएका लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले महालेखा परीक्षकको विभागमा समेत पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदनबाट देखिएको त्रुटीको सम्बन्धमा महालेखा परीक्षकले सम्बन्धित संस्थालाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०६८

आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

८. महालेखा परीक्षकको वार्षिक प्रतिवेदन : महालेखा परीक्षकले सरकारी कार्यालय र प्रचलित कानून बमोजिम महालेखा परीक्षकले लेखापरीक्षण गर्नु पर्ने भनी तोकिएका अन्य कार्यालय वा संस्थाको अन्तिम लेखापरीक्षण गरी आफ्नो आलोचना र सुझाव सहित सो को वार्षिक प्रतिवेदन श्री ५ समक्ष चढाउने छ।

तर तत्काले कारवाही गर्नु पर्ने चल अचल राष्ट्रिय धनको हानी नोक्सानी भएको वा हुने देखिएमा तत् सम्बन्धमा महालेखा परीक्षकले जुनसुकै वेलामा पनि श्री ५ समक्ष प्रतिवेदन चढाउन सक्नेछ।

९. अधिकृत र कर्मचारीहरूको नियुक्ती र सेवाका अन्य शर्तहरू : (१) महालेखा परीक्षकको कर्तव्य पालनमा मद्दतको लागि समय समयमा श्री ५ को सरकारको स्वीकृति बमोजिम अधिकृत र कर्मचारीहरू रहने छन्। त्यसरी रहन आएका कर्मचारीको संख्या महालेखा परीक्षकको सहमति बिना घटाइने छैन।

(२) महालेखा परीक्षकको विभागका अधिकृत र कर्मचारीहरूको एउटा छुट्टै सेवाको गठन हुनेछ, सो सेवामा रहने अधिकृत र कर्मचारीहरूको नियुक्ती र सेवाका अन्य शर्तहरू यो ऐन अन्तर्गत बन्ने नियमहरूमा तोकिए बमोजिम हुनेछ।

१०. महालेखा परीक्षकले निर्देशन दिन सक्ने : महालेखा परीक्षकले नेपाल अधिराज्यको संविधान, २०४७ वा प्रचलित कानूनका अधिनमा रही लेखा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धी व्यवस्था मिलाउन र नियमितता ल्याउनको लागि सम्बन्धित सरकारी कार्यालय वा श्री ५ को सरकारको पूर्ण वा अधिकाँश स्वामित्व भएको संगठित संस्थालाई समय समयमा निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित कार्यालय वा संस्थाको कर्तव्य हुनेछ।

११. नियमहरू बनाउने अधिकार : यो ऐन कार्यान्वयन गर्न श्री ५ को सरकारले महालेखा परीक्षकको सल्लाह लिई नियमहरू बनाउन सक्नेछ।

१२. बेरूजुमा कारवाही गर्ने : श्री ५ को सरकारको आयव्यय तथा अन्य रकम कलमको लेखा परीक्षण गर्दा देखिएका त्रुटी तथा बेरूजूहरूमा प्रचलित कानून बमोजिम कारवाही गर्नु पर्नेछ ।

१३. खारेजी र बचाउ : (१) लेखापरीक्षण ऐन, २०१८ खारेज भएको छ ।

(२) लेखापरीक्षण ऐन, २०१८ बमोजिम लेखापरीक्षण हुन बाँकी लेखाको लेखापरीक्षण यसै ऐन बमोजिम हुनेछ ।

लालमोहर सदर मिति :– २०४८।७।११।२

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग